दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्ष**: ८

**संख्या**: २

**प्रमाणीकरण मिति**: २०८१।११।२०

**प्रकाशन मिति**: २०८१।११।२८

"**प्रस्तावना**: दमक नगरक्षेत्रभित्र फोहोर संकलन, व्यवस्थापन तथा स्रोत परिचालन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई न्यून गर्न, नगरलाई स्वच्छ, सुन्दर र हरियाली बनाइराख्नका लागि, प्लास्टिकजन्य फोहोरको नियमन र व्यवस्थापन वाञ्छनीय भएकाले,

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम दमक नगरपालिकाको नगरसभाले यो ऐन जारी गरी लागू गरेको छ।"

## परीच्छेद - एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐन को नाम "दमक नगरपालिकाको फोहोर व्यवस्थापन तथा प्लास्टिकजन्य सामाग्री प्रतिबन्ध सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएका मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले "दमक नगरपालिकाको प्लास्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन, २०८१” सम्झनु पर्दछ।

(ख) “नगरपालिका" भन्नाले दमक नगरपालिका सम्झनु पर्दछ।

(ग) “प्रमुख” भन्नाले दमक नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ र सो शब्दले प्रमुखको काम गर्न तोकिएको व्यक्तिलाई समेत सम्झनु पर्दछ ।

(घ) “उप-प्रमुख” भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) “नगर प्रहरी” भन्नाले यस नगरपालिकाको नगर प्रहरीमा नियुक्त कर्मचारी सम्झनु पर्छ।

(छ) “हानिकारक फोहोरमैला” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पु-याउने विभिन्न रुपमा निष्कासित वस्तु, पदार्थ तथा रेडियो विकिरण आदिलाई सम्झनु पर्छ।

(ज) “विसर्जन” भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्छ।

(झ) "अनुगमन समिति” भन्नाले ऐनको दफा ६ बमोजिम बनेको समितिलाई सम्झनुपर्छ।

(ञ) “प्लास्टिकजन्य वस्तु” भन्नाले प्लास्टिकबाट निर्मित झोला, कप, गिलास, प्लेट, चम्चा, काँटा, प्लास्टिकमा बेरिएका गुटका, सुर्ती र पान मसला, प्लास्टिकबाट निर्मित फुलहरु, बुके आदिलाई सम्झनुपर्छ ।

(ट) "वैकल्पिक झोला" भन्नाले Starch based Bio-degradable Plastic, कटन, कागज, कपडा अथवा जुटवाट वनेका दैनिक उपभोग्य वस्तु तथा सामानहरु ओसारपसार गर्नका लागी बनाइएका Bio- degradable झोलाहरुलाई सम्झनुपर्छ ।

(ठ) "अधिकार प्राप्त निकाय वा व्यक्ति" भन्नाले यस ऐनले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति नगरपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले प्रमुख प्रशासकिय अधिकृतलाई समेत जनाउने छ।

(ड) "निजी क्षेत्र" भन्नाले नाफा नकमाउने वा कमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा सामाजिक संघ संस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था समेतलाई सम्झनुपर्छ ।

(ढ) "सार्वजनिक निजी क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र निजी क्षेत्रका बिचमा कुनै काम गर्ने सम्बन्धमा कानुन वमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा नगरपालिकाले समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(त) "न्युनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी सानो आकार तथा पुन प्रयोग गरी परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्यलाई सम्झनु पर्छ।

## परिच्छेद - दुई
## फोहरमैला व्यवस्थापन

### ३. फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्थाः-

१) जथाभावि फोहोरमैला फाल्न वा विसर्जन गर्न पाईने छैन।

२) सरसफाई कर्मीहरुले टोल, सडक सरसफाई गरी सकेपछि कुनै पनि किसिमको फोहर घर, पसल, कार्यस्थल बाहिर वा सार्वजनिक स्थलमा फ्याँक्न थुपार्न पाइने छैन्।घर, पसल, व्यापारिक प्रतिष्ठान,उद्योग, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी कार्यालय, विद्यालय, संघ संस्थाले अनिवार्य रुपमा डष्टविन, कन्टेनर वा कम्पोष्टविन राख्नु पर्नेछ।

३) सडक वा अन्य सार्वजनिक स्थानमा दिसा पिसाव गर्न गराउन पाइने छैन।

४) तोकिएको स्थान भन्दा बाहेकको सडक वा अन्य सार्वजनिक स्थलमा पसल राखि कुनै पनि किसिमको व्यवसाय गर्न पाइने छैन्।

५) सेफ्टी टयांकी वा शौचालयबाट निस्कने फोहर जथाभावी बाहिर निष्कासन गर्न पाउने छैन।

६) स्वास्थ्य संस्थाजन्य संक्रामक र खतराजन्य फोहर सम्बन्धित निकायहरु आफैले सुरक्षित तवरले अन्तिम निष्कासन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्ने छ।अन्य फोहोरसँग स्वास्थ्य संक्रामकजन्य फोहर साथमा निष्कासन गर्न पाईने छैन।

७) औद्योगिक प्रतिष्ठान वा उद्योगले उद्योग खोल्दा बखतको सर्त एवं वातावरण संरक्षण सम्बन्धी ऐन नियम निर्देशिकामा व्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई अन्तिम निष्कासन गर्ने व्यवस्था सम्बन्धित प्रतिष्ठान वा उद्योग स्वयंले गर्नु पर्नेछ।

८) फोहरमैलाको श्रोतमा नै फोहरमैलाको वर्गीकरण गरी सोही अनुसार संकलन गरी त्यसलाई ब्यवस्थित गर्नु पर्नेछ वा कुहिने प्रकृतिको फोहरलाई श्रोतमा नै कम गर्न एक कम्पोष्ट विन अनिवार्य निति लागु गर्न सक्नेछ।

९) नगरपालिकाले वर्गीकरण भएको फोहोरलाई तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी त्यसको अन्तिम निस्काशनको समुचित व्यवस्था गर्नु पर्नेछ।

१०) फोहोरमैला राख्न, फाल्न, गाड्न, जलाउन, वा कुनै पनि किसिमबाट संचय, निष्कासन वा नष्ट गर्न निषेध गर्न सक्ने छ।

११) नगरपालिकाले उपलब्ध गराएको सडक, फोहोरमैला व्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने नगरबासीहरुले नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्नेछ।

१२) नगरपालिकाले वातावरण प्रतिकुल पर्ने उद्योग ब्यापार व्यवसाय संचालनमा रोक लगाउन सक्नेछ।

१३) सार्वजनिक स्थल, सडकपेटी नाला र भवन संरचनालाई असर गर्ने गरी निर्माण समाग्री, यातायातका साधन, चौपाया

बाध्ने, चराउने पगाह लगाउने, राख्ने वा छाडा छोड्ने कार्य गर्न पाइने छैन।

१४) घरपालुवा जनावर तथा पशुपंक्षीलाई सार्वजनिक स्थलमा शौच गराउन पाईनेछैन।

**४. विशेष सरसफाई क्षेत्र तोक्नेः-**

(१) नगरको सौन्दर्यतालाई बचाई नगरको इज्जत प्रतिष्ठा बृद्धिका लागि नगरको मुख्य भाग, सार्वजनिक, ऐतिहासिक तथा संस्कृतिक सम्पदा, धार्मिक धरोहर एवं प्राकृतिक सौन्दर्य क्षेत्रलाई नगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) सार्वजनिक संघ संस्था, टोलविकास समिति, वडा समितिबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा नगरपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ।

(३) फोहरमैला ब्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोल विकास संस्था वा समाजिक संघ संस्थालाई नगरपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्नेछ।

**५. फोहोर उत्पादन गर्ने प्रकृतिका व्यवसाय संचालनः-** (१) नगरपालिका क्षेत्र भित्र इजाजत लिएर व्यवसाय संचालन गर्दा सार्वजनिक जनस्वास्थमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका व्यवसाय जस्तै होटल तथा खाद्य परिकार सम्बन्धी व्यवसाय, मासुजन्य पदार्थ विक्री केन्द्र तथा व्यवसाय, सैलुन, गाडी मर्मत केन्द्र/ग्यारेज आदी सञ्चालन गर्दा वातावरणीय सरसफाई लगायत

उपभोक्ता संरक्षण ऐन, नियमको उलंघन नहुने गरी उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(२) पशु बध गर्दा नगरपालिकाले तोकेको स्थानमा बध गरी सके पछि त्यसबाट निस्किएको फोहोर मैला नगरपालिकाले तोकेको स्थानमा जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ।

६. **प्लास्टिकजन्य बस्तु प्रयोग गर्न प्रतिबन्धः-** (१) सार्वजनिक,जनस्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी प्लास्टिकजन्य वस्तुको उत्पादन, आयात, निर्यात, विक्री वितरण, भण्डारण तथा प्रयोग गर्न पाइने छैन।

(२) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका वस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै प्लास्टिक आदि जथाभावी फयाँक्न, थुपार्न, जलाउन बस्तीमा फयाँक्न पाइने छैन।

(३) प्लास्टिक झोलाहरु जो पुनःचक्रण (Recycle) गर्न नसकिने प्रकृतिका हुन्छन् तिनीहरुको प्रयोगमा नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्ने छ।

(४) कुनै चिज वस्तु प्याकिंग भई आएका प्लास्टिकजन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्री वितरण गर्ने व्यवस्था आफैंले मिलाउनु पर्ने छ।

(५) पुनःचक्रण गर्न सकिने प्लास्टिकहरु उपभोग कर्ताले आफैं विक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लास्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकेको स्थान सम्म पुर्याउने जिम्मेवारी सम्बन्धित उपभोग कर्ताको हुने छ।

(६) प्लास्टिकजन्य बस्तुहरु नगरपालिकाले तोकि दिएको स्थानबाट मात्र पुनःचक्रणको लागि संकलन गर्ने र यसरी संकलन गर्दा नगरपालिकाले तोकेको शुल्क तिर्नु पर्नेछ।

(७) कुनै पनि प्रकारका प्लास्टिकजन्य बस्तुहरु अन्य फोहरमैलासँग मिसाई राख पाइने छैन। यसलाई छुट्टै पोका, भाँडा वा बोरामा राखी नगरपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ वा सुक्ष्म वर्गीकरण केन्द्रमा दिन सक्नेछ।

(८) उपभोक्ताले प्रयोग गरिसकेका प्लास्टिकजन्य वस्तुहरुका खोल, निजी क्षेत्र, संघ संस्था मार्फत खरिद गर्न लगाई पुनःचक्रणका लागि सम्बन्धित निकायमा बिक्री गर्न नगरपालिकाले समन्वय गर्नेछ।

(९) यो ऐनले निषेध गरेका प्लास्टिकजन्य वस्तुहरु बाहेक अन्य प्लास्टिकजन्य वस्तुहरुको उपयोग पछि भएको प्लास्टिकजन्य फोहरको व्यवस्थापनमा त्यस्तो प्लास्टिकका वस्तुहरु उत्पादन गर्ने उत्पादनकर्ताबाट तोकिए बमोजिम शुल्क लगाइनेछ।

(१०) साझेदारीमा अन्य नगरपालिकासँग सहकार्यमा प्लास्टिक मुक्त अभियान गर्न चाहेमा सम्वन्धित नगरपालिकाका प्रमुखहरुले कार्य योजना बनाई संचालन गर्ने व्यवस्था मिलाइनेछ।

७. **सार्वजनिक निजी साक्षेदारीः-** (१) नगरको फोहोरमैला व्यवस्थापन लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्नेछ।

(२) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणमा कार्य गर्दा/ गराउँदा ऐन, नियमावली लगायत अन्य प्रचलित नेपाल कानुन बमोजिम हुने छ। नगरपालिका र फोहोरमैला व्यस्थापन गर्ने निजी संघ संस्था सँग आपसी समझदारी सम्झौता (MoU) गर्नेछ।

(३) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहेने गरी व्यवस्थापन गरिनेछ।

(४) सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका निजी क्षेत्रलाई साझेदारको रुपमा लिइनेछ।

(५) सामुदायिक संस्था, टोल विकास संस्था, गैर सरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा बाह्य संघ संस्थाहरुलाई निजी क्षेत्रका रुपमा लिन सकिनेछ।

(६) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्यप्रति एकरुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा नगर स्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक निजी साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था नगरपालिकाले मिलाउन सक्नेछ।

(७) फोहोरमैला व्यवस्थापन गर्न नगरपालिकासँग MoU गरेका संघ संस्थाहरुले फोहरमैला उत्पादकसँग सरसफाई सेवा शुल्क लिनेछ। यसरी लिने शुल्क नगरपालिकाले तोकिए बमोजिम हुनेछ। साथै समयानुकूल शुल्क दररेट परिवर्तन गर्न सक्नेछ।

(८) सहज र सरल रुपमा फोहोरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि नगरपालिकाले नगरवासीलाई परिचय पत्र उपलब्ध गराउनु पर्नेछ। यसरी परिचय पत्र उपलब्ध गराउँदा नगरपालिकाले उक्त परिचय पत्रको बहु उपयोग हुने गरी तयार गर्ने छ र यसको प्रयोग नगरपालिकाको सम्पूर्ण सेवा सुविधासँग जोड्न सक्नेछ।

## परिच्छेद ३
## प्लास्टिक बस्तुहरुको प्रयोग र त्यसको नियमन सम्बन्धी व्यवस्था

८. **प्लास्टिक झोला प्रयोग गर्न निषेधः-** (१) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी, तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लास्टिकको झोला, ४० माईक्रोन भन्दा कम मोटाईका प्लास्टिकजन्य झोलाहरुको आयात, निर्यात, बिक्री, वितरण, उत्पादन, भण्डारण तथा प्रयोगमा रोक लागाईनेछ।

(२) माछा, मासु, विस्कुट, पाउरोटी, चाउमिन आदि बस्तुहरु कानूनमा तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लास्टिकको झोलामा पोकोपारी वा वण्डल बाँधी वा प्याक गरी बिक्री वितरण वा प्रयोग गर्न पाइने छैन।

(३) खाद्यपदार्थ तथा जुता लत्ताकपडा, प्लास्टिकजन्य बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लास्टिक आदि फ्याक्न, थुपार्न, जलाउन पाइने छैन।

(४) प्लास्टिक झोलाहरु जो पुनः चक्रण गर्न नसकिने प्रकृतिका हुन्छन् तिनीहरुको प्रयोगमा नगरपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्नेछ।

(५) कुनै चिज वस्तु प्याकिङ्ग भई आएका प्लास्टिकजन्य पदार्थहरु प्रयोग कर्ताले सुरक्षित रुपमा भण्डारण गर्ने तथा व्यवस्थापन गर्ने कार्य आफैंले मिलाउनु पर्ने छ।

(६) पुनःचक्रण गर्न सकिने प्लास्टिकहरु उपभोगकर्ताले आफैं बिक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लास्टिकहरु अन्य फोहरमैलामा नमिसाई नगरपालिकाले तोकि दिएको स्थान सम्म पुर्याउनुपर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ।

(७) प्लास्टिकजन्य बस्तुहरु नगरपालिकाले तोकि दिएको स्थानबाट मात्र पुनःचक्रणको लागि सङ्कलन गर्न सकिनेछ। यसरी सङ्कलन गर्दा नगरपालिकाले तोकिएको शुल्क तथा दस्तुर तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिनेछ।

(८) कुनै पनि प्रकारका प्लास्टिकजन्य बस्तुहरु अन्य फोहरमैलासँग मिसाई राख्न पाईनेछैन। यसलाई छुट्टै पोका, भाँडा वा बोरामा राखी नगरपालिकाबाट खटिने फोहोरमैला सङ्कलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ।

(९) उपभोक्ताले प्रयोग गरी सकेका प्लाष्टिकजन्य बस्तुहरुको पुनःचक्रणका लागि नगरपालिकाले सहजिकरण गर्नेछ।

९. **प्लास्टिकजन्य बस्तु विक्री वितरण सम्वन्धमाः-** यो ऐन लागु भएपछि कुनै पनि फर्म, कम्पनी वा व्यक्तिले निषेधित प्लास्टिकजन्य वस्तुहरु दमक नगर क्षेत्रबाट उत्पादन, विक्रि वितरण, आयत, भण्डारण र प्रयोग गर्न समेत पाइने छैन।

१०. **दमक नगरपालिकाको दायित्वः-** (१) निषेधित प्लास्टिकजन्य वस्तुहरु भन्दा उत्तम अन्य वातावरणमैत्री थप विकल्प खोज्ने र निषेधित प्लास्टिकजन्य वस्तुहरु विस्थापित गर्न स्थानीय स्तरमा सामाजिक परिचालनको माध्यमबाट सहजीकरण गर्ने।

(२) फोहरमैला व्यबस्थापन तथा निषेधित प्लास्टिकजन्य वस्तुहरु सम्बन्धि टोलहरुमा विभिन्न बैठक, भेला एवम् अन्तर्क्रिया, अभिमुखिकरण कार्यक्रम आयोजना गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(३) ३R (Reduce, Reuse & Recycle) कार्यान्वयन गर्न आवश्यक पहल तथा सचेतना कार्यक्रम गर्ने साथै सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने।

(४) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागी अनुगमन तथा निरिक्षण कार्य गर्ने।

(५) निषेधित प्लास्टिकजन्य वस्तुहरु व्यवस्थापन सम्बन्धि कार्ययोजना बनाई सरोकारवाला संघ-संस्थाको सहकार्यमा प्रभावकारी तवरले कार्यान्वयन गर्ने।

(६) निषेधित प्लास्टिकजन्य वस्तुहरु नियन्त्रण अभियानलाई निरन्तरता दिनका लागि वार्षिक कार्यक्रम र बजेटको व्यवस्था मिलाउने।

(७) कार्यक्रमको सम्बन्धमा आवश्यक प्रचार प्रसार गर्ने गराउने।

(८) प्लास्टिक झोला विस्थापन गर्न Bio-degradable (कपडा, कागज, Starch based Bio-degradable Plastic) झोला उत्पादन गर्ने उद्योग खोल्ने उद्यमीलाई नगरपालिकाले आवश्यक प्रोत्साहन गर्नेछ।

**११. नगर अनुगमन समितिः-** (१) फोहरमैला व्यवस्थापन तथा निषेधित प्लास्टिकजन्य वस्तुहरुको नियमन तथा नियन्त्रण गर्ने देहाय बमोजिमको नगर अनुगमन समिति रहनेछः-

क) संयोजक- वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक

ख) सदस्य - कार्यापालिकाले तोकेको नगरसभा सदस्यबाट महिला सदस्य - १ जना

ग) सदस्य - सम्बन्धित वडा समितिको वडा प्रतिनिधि-१ जना

घ) सदस्य - प्रतिनिधि, स्थानीय प्रहरी कार्यालयबाट १ जना,

ङ) सदस्य- दमक नगर प्रहरी प्रमुख- १ जना

च) सदस्य - उद्योग वाणिज्य संघ - १ जना

छ) सदस्य- वातावरण संरक्षण क्षेत्रमा काम गरिरहेका संघ संस्था र उपभोक्ता हित संरक्षण मञ्च

मध्येबाट संयोजकले तोकेको १ जना महिला प्रतिनिधि हुने गरी २ जना

ज) सदस्य सचिव -वातावरण तथा सरसफाई शाखा प्रमुख - १ जना

(२) नगरपालिकाले ऐनलाई प्रभावकारी कार्यन्वयन गर्न आवश्यक उपसमिति तथा हरेक वडामा वडा अनुगमन समिति गठन गर्न सक्नेछ । उपसमिति तथा वडा अनुगमन समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आवश्यकतानुसार नेपाल सरकारका सम्बन्धित निकायका प्रमुख एंव प्रतिनिधिहरु, विषयविज्ञहरुलाई समितिले आमन्त्रण गर्न सक्नेछ।

## १२. नगर अनुगमन समितिको काम, कर्तव्य र अधिकार

(१) यस ऐन बमोजिम निषेधित प्लास्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण वा प्रयोग भए नभएको अनुगमन तथा निरिक्षण गर्ने।

(२) यस ऐन विपरीत निषेधित प्लास्टिकजन्य वस्तुहरुको उत्पादन, बिक्री वितरण, प्रयोग गर्ने व्यवसायी, संस्था वा व्यक्तिबाट निषेधित प्लास्टिकजन्य वस्तुहरु जफत गर्ने।

(३) निषेधित प्लास्टिकजन्य वस्तुहरुको बिक्री वितरण प्रयोग गर्न कम गर्ने किसिमका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(४) वडा अनुगमन समितिलाई निषेधित प्लास्टिकजन्य वस्तुहरु प्रतिबन्धका साथै फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा नगर अनुगमन समिति, वन वातावरण तथा विपद् व्यवस्थापन समिति,

उपभोक्ता हित संरक्षण शाखा र वातावरण तथा सरसफाई शाखासँग समन्वय गर्ने।

(५) वडा अनुगमन समिति तथा नगर प्रहरीबाट प्राप्त सिफारिसलाई पुनरावलोकन गरी जरिवाना गर्ने।

(६) "3 R" का कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार सुविधा पुरस्कार प्रदान गर्न सिफारिस गर्ने।

(७) कसुरको मात्रा हेरी सजाय वा जरिवाना गर्ने।

(८) निषेधित प्लास्टिकजन्य वस्तुहरु नियन्त्रण सम्बन्धी नगरपालिकाले तोके बमोजिमको अन्य काम गर्ने ।

(९) निषेधित प्लास्टिकजन्य वस्तुहरु जफत गरेको सूचना तत्कालै उपयुक्त स्थान वा माध्यमबाट सार्वजनिकरण गर्ने।

**१३. निषेधित प्लास्टिकजन्य वस्तुहरु नियन्त्रण प्रक्रियाः-** दफा ११ अनुसार गठित नगर अनुगमन समितिबाट नगर क्षेत्रमा निषेधित प्लास्टिकजन्य वस्तुहरु नियन्त्रणको लागि स्थानीय स्तरमा समय समयमा अनुगमन गर्न सक्नेछ। अनुगमन गर्दा प्लास्टिक झोला उत्पादन, भण्डारण, बिक्री वा प्रयोग भएको पाइएमा निम्नानुसार प्रक्रिया बमोजिम कारवाही गरिनेछः-

(१) निषेधित प्लास्टिकजन्य वस्तुहरुलाई अभिलेख राखी नियन्त्रणमा लिने।

(२) निषेधित प्लास्टिकजन्य वस्तुहरु उत्पादक, भण्डारण, बिक्री वा प्रयोगकर्तालाई ऐन को दफा १५ अनुसार तुरुन्तै जरिवाना गर्ने ।

(३) निषेधित प्लास्टिकजन्य वस्तुहरु नियन्त्रणमा लिएको सूचना तत्कालै सार्वजनिकरण गर्ने।

## परिच्छेद ४
## कसुर तथा सजाय

**१४. कसुरः** कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(क) तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गर्ने साथै यातायतको साधनबाट फोहरमैलाको बाहिर फ्याँक्ने वा निष्काशन गर्ने।

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) फोहरमैला संकलन केन्द्र कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ हाल्ने, राख्ने वा थुपार्ने,

(ङ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने, जलाउने,

(च) फोहरबाट निस्केको दुषित पानी (लिचेट) वा ढललाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

(छ) नगरपालिकाले तोकेको ठाँउ बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर गर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने,

(ज) मरेको वा मारेको पशुपंक्षी वा बधशालाबाट निस्केको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

(झ) सभा समारोह, सामाजिक तथा सांस्कृतिक कार्यक्रम, मेला महोत्सव, प्रर्दशनी कार्यक्रममा सार्वजनिक, समुदायिक तथा निजी स्थानमा फोहरमैला गर्न, थुर्पान पाइने छैन।

(ञ) यस ऐन विपरित निषेधित प्लास्टिकजन्य वस्तुहरु उत्पादन, विक्रि वितरण, आयत, भण्डारण र प्रयोग गरेमा यस ऐनको प्रयोजनको लागि कसुर गरेको मानिनेछ।

(ट) यस ऐन बमोजिम हुने कसुर कसैले गरेमा सो को सूचना कुनै व्यक्तिले दिन सक्नेछ।

**१५. सजायः** (१) दफा १४ को खण्ड (क) (ख) (घ) (ङ) (च) र (झ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँ सम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाका दरले जरिवाना गरी फोहरमैला उठाउदाँ लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा १४ को खण्ड (छ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले तीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा  १४ को खण्ड (ग) र (झ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र तथा फोहरमैला व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ।

(४) दफा १४ को खण्ड (ञ)  प्लास्टिक झोला बिक्रेता तथा वितरकलाई प्रथम पटकको लागि रु.१०००/- (एक हजार रुपैंया) र दोस्रो पटक, रु. ३००० /- (तिन हजार रुपैया) तेस्रो पटकदेखि हरेकपटक रु.५०००/- (पाँच हजार रुपैंया) का दरले जरिवाना गर्ने।

(५) दफा  १४ को खण्ड (ञ) प्लास्टिक पोलिथिन झोला प्रयोग गर्नेलाई प्रथम पटक रु.५०।- (पचास रुपैंया) दोस्रो पटक रु.१००।- (सय रुपैंया)  र तेस्रो पटक रु.२००।- ( दुई सय रुपैया) जरिवाना गरिनेछ। त्यसपछि पनि प्रयोग गरे नाम सार्वजनिक गरी अन्य दण्ड सजायलाई अगाडि बढाउने।

(६) दफा  १४ को खण्ड (ञ) प्लास्टिक पोलिथिन झोला उत्पादककर्तालाई प्रथम पटक रु. २०००।- (दुई हजार रुपैंया) दोस्रो पटक रु. ४०००।- (चार हजार रुपैंया) र तेस्रो पटक रु. ६०००।- (छ हजार रुपैंया) जरिवाना गरिनेछ। त्यसपछि पनि उत्पादन गरे नाम सार्वजनिक गरी अन्य दण्ड सजायलाई अगाडि बढाउने।

(७) दफा १४ को खण्ड (ञ) अनुसारको ऐनको उल्लङ्घन गर्ने उत्पादक र बिक्रीकर्तालाई नगरपालिकाले व्यवसायिक दर्ता

खारेजी तथा कारोबार बन्द गर्न एवं नगरपालिकावाट प्रदान हुने सबै प्रकारका सेवा बन्द गर्नेछ।

**१६. सेवा सुविधा रोक्का गर्न सकिनेः-** यस ऐन बमोजिम तोकिएको सेवा शुल्क तथा नगरपालिकाले तोकेको शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने सबैखाले सुबिधा रोक्का गर्नेछ।

**१७. पुरस्कारः** (१) नगर क्षेत्रमा निषेधित प्लास्टिकजन्य वस्तुहरु उत्पादन, बिक्री बितरण, आयात, निर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना गर्ने व्यक्ति, जफत गर्ने कार्यमा संलग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको २० प्रतिशत रकम मध्ये दामासाहीले पुरस्कार दिइनेछ।

(२) दफा १४(ट) बमोजिम सूचना गर्ने व्यक्तिको नाम, थर र ठेगाना गोप्य राखिने छ।

**१८. पुनरावेदन दिन सक्ने** दफा १५ बमोजिम गरिएको सजायको आदेशमा उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित झापा जिल्ला अदालतमा पुनारावेदन दिन सक्नेछ।

## परिच्छेद- ५

## विविध

**१९. संसोधनः** यो ऐनको कार्यान्वयनका लागि आवश्यकता अनुसार संसोधन वा थपघट गर्नु परेमा नगर सभाबाट आवश्यक परिमार्जन वा थपघट गर्न सकिनेछ।

२०. **नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः** (१) यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) नगरपालिकाले यस ऐनअन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

२१. **प्रचलित कानून बमोजिम हुनेः** फोहरमैला व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२२. **बचाउः** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

**आज्ञाले,**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**